राजेन्द्र अर्यालको आजको मान्छे : हेर्दा यस्तै देखियो

भोक कसैको उन्नति गराउने वरदान हो भने कसैको पतन गराउने अभिशाप पनि हो । आजका विश्वको चकाचौंध भोकले जन्माएको हो र मानिस मानिसका बीचको लुछाचुँडी पनि भोककै जरा टेकेर हुर्कंदै छ । भोकले मान्छे जुटायो, भोकले नै मान्छे फुटायो ।

तिलकप्रसाद लुइँटेल

साउन २९ गतेको अंकबाट क्रमशः

तीन सय साठी डिग्रीको फेरो सिर्जना क्रममा पूरा भइसकेको रहेछ । एउटा नयाँ वर्ष गएर अर्को आइपुग्यो । प्रत्येक पलले नयाँ सन्देश ल्याउँछ, हरेक बिहानीले नयाँ जीवन दिएर जान्छ, सूर्यले नयाँ दिनसँगै हरेक पटक नयाँ बनाएर जन्माउँछ, हेर्ने आँखा आफ्नो हो र मनन् गर्ने मन आफ्नो हो । सेकेण्ड, मिनेट, घण्टा, दिन गर्दै समय त आफ्ना गतिमा छ तर आउँदो क्षण कस्तो छ ? नचिताएको कोसेली दिएर पनि जान सक्छ र कल्पना नै नगरीकन निमेष, पल, घडी, अहोरात्र र संसार नै समाप्त पनि हुन सक्छ । जीवन छ भने संसार छ, आफू नभए संसार कहाँ होला ? आज नयाँ वर्ष शीर्षकको कविताम, 'उमङ्ग र उत्साहको भेलसँगै... आज नयाँ वर्ष हो ।'

रङको सुन्दरता हेर्ने आँखा मान्छेका नै हुन् । अन्य प्राणीलाई मिठो र सजिलोको अर्थ होला तर कलात्मक र सुन्दरताको बोध मानिसले नै गर्छ, किनकि रोज्ने मानिस नै हो । त्यसैले क्षितिज मेरो हो वा पराईको भनेर चिन्ने पनि मानिस नै हो । अर्काको खेती बिगार्ने नियतले साँढे बालीमा पसेको होइन, ऊ त आफ्नो पेट भर्न गएको हो, आफ्नो वा अर्काको, बाली अथवा घाँस भनेर जान्ने मान्छे हो । आफ्नो र अर्काको क्षितिजको परिधि चिनेपछि नै आफ्नो क्षितिज रम्य बनाउन मानिस तम्सिन्छ । क्षितिजका रङ्गहरू शीर्षकको कविता यसरी नै 'लक्ष्यमा पुग्ने उत्कट..सहर्ष आत्मसात् गरिरहेछु ।'

विश्वासको मोल मानिसले बुझेको छ र नै धोका पनि मानिसले पाउँछ । अरू प्राणीका शब्दकोशमा विश्वास पनि छैन र धोका पनि छैन । धोकाको जन्मदाता विश्वास हो र त्यसैलाई नअँगाली जीवन पनि चल्दैन । विश्वास जति गहिरो, उति नजिकको हुन्छ र धोकाको सम्भावना उति बढ्छ । जति निकटस्थ विश्वासले धोका दियो चोट पनि उति गहिरो र मर्मान्तक हुन्छ । सायद मोह त्यागको सिद्धान्त महर्षिहरू यसै कारण प्रतिपादन गरे हुनन् । धोका खाइरहेछु शीर्षकको कविता 'निष्पट्ट कालो रात जस्तै..निःसर्त धोका खाइरहेछु ।'

नामको परिचय स्थूलको खोजी हो । कसैले बाहिरबाट घर चिन्दछ, कसैले गाडी, मान्छे चिन्दछ । जगदेखि कौसीसम्म घरका पत्र पल्टाएर हेर्दा पनि ढुङ्गा, सिमेन्ट, बालुवा, रड भेटिएला तर घर भेटिँदैन । टाउकादेखि पैतालासम्म खोज्दा हात, खुट्टा, नाक, मुख, दाँत भेटिएला तर त्यहाँ मान्छे भेटिँदैन । कुर्सीका लागि लड्नेले नेपाल चिन्छ भन्ने भ्रम युगौंदेखि छ । आरा चिर्न, गोठ पाल्न, पल्टन जान गएकाहरू मामको जोहो र नामको चिनारी खोज्न गए । आँतले स्वीकार गरेपछि केही नभए पनि चल्छ । नामको चिनारी शीर्षकको कवितामा 'अनुभवले पाठ सिकाएको छ...उसको देश रहेछ ।'

भोक कसैको उन्नति गराउने वरदान हो भने कसैको पतन गराउने अभिशाप पनि हो । आजका विश्वको चकाचौंध भोकले जन्माएको हो र मानिस मानिसका बीचको लुछाचुँडी भोककै जरा टेकेर हुर्कंदै छ । भोक लाग्ने ठाउँ फरक छन् । भोकले मान्छे जुटायो, भोकले नै मान्छे फुटायो । पेटले कुदाएको जस्तै जुवातास, भ्रष्टाचार, घात प्रतिघात भोककै परिणाम हुन् । सम्बन्ध र प्रतिबन्ध भोककै परिणाम भए । सम्बन्ध कवितामा 'त्यही सम्बन्धहरूका बीचबाट..लिलाम बढाबढमा उद्यत् भेट्यो ।'

जीवन यात्रा हो, प्राणी त्यसको यात्री । गन्तव्य असीम छ, सायद उसैलाई थाहा छैन । महत्त्वाकाङ्क्षाको अर्धानो सवारीसाधनमा उसको अविराम यात्रा चल्दो छ । कोसेली बनाएको दुःखको भारी बोकेर हिँडेकाले जीवनलाई युद्ध नै मान्छ, जीवन सङ्घर्ष हो भन्छ । सुखको हावा खाएर बाँच्नेले जीवनलाई अवसर भन्छ, उसले यज्ञ ठान्छ । सुखमा पूरा गरेको कर्तव्यले जीवनको सार्थकता ठम्याउँछ, दुःखले निर्वाह गर्नुपर्दा रोदन उसका हातमा आउँछ । संसार उही हो, जीवनचर्या उस्तै हो, आखिर दुःख र सुख मनको भाव हो । गन्तव्य शीर्षकमा पढ्दा 'उत्साह र उमङ्गका..गन्तव्यमा पुग्ने छौ ।'

तीन वर्षदेखिको गुप्तवास मानिसको अझै पनि त्रासद स्थिति निमिट्यान्न भएको छैन । मानिसको पुरुषार्थ मानिसका सामु गफको विषय अवश्य होला तर प्रकृतिका सामु निरीह छ । महाव्याधिका सन्त्रासबाट सक्दो पलायन मानिसका लागि ध्यानमग्न महादेवको ध्यान जस्तो भयो । कोरोनाले मानिसका सामर्थ्यको परीक्षा लिँदै खिसीको हाँसो खिसिक्क हाँस्यो, मान्छे घरभित्रै तुरुक्क आँसु झारेर बस्यो । उम्रेदेखि खुम्रेसम्म, सदनदेखि सडकसम्म मान्छे उस्तै लाचार जिन्दगी बाँचेको यथार्थ बोकेको छ कोरोना र महादेवहरू शीर्षकको कविताले 'बुद्धि र क्षमताको परीक्षा..नेतृत्वहरूलाई नचाइरहेछ कोरोना ।'

अघोषित शब्दमा राजनीतिको चर्चा, जनताको रक्षक हुन्छु भनेर भक्षक बन्ने प्रवृत्तिमा हलुको व्यङ्ग्य गर्दै सत्यको पक्षमा उभिएको कविता पापको गति हो । सत्यको जित एक दिन हुन्छ भन्ने विश्वास बोकेका हामी मान्छेहरूमा असत्यले जितेरै अन्यायमा पिल्सिएरै कैयौंको जीवन बितेको छ । राजनीतिक धोका र प्रकृतिको प्रकोपबाट उक्सन नसकेका नेपालीको सहानुभूतिको कविता 'धान्नै कठिन देखिँदै छ..आफ्नै रोजाइबाट चुनिएको ।'

भरोसा जसमाथि गरिन्छ उसैले हेप्छ भने त्यहाँ सम्मानको मृत्यु भइसकेको हुन्छ । बहसले मानिसलाई जित्नु बोक्रे जित हो र मानिसको मनलाई जित्दा सबै जितिन्छ । सँधियार पनि मानिस नै हो, चाहे त्यो जग्गाको होस् अथवा राज्यको नै । हेपाहा छिमेकीलाई ढुकुटी जिम्मा लगाएर पुरुषार्थ गरेको देखाउने भाँडहरू छिमेकीभन्दा बढी घातक हुन् । अन्तिम मूल्याङ्कन शीर्षकको कवितामा ' कपटी र धूर्त..मूल्याङ्कन हो हाम्रो ।'

पुरुष र नारी प्रकृतिका लैङ्गिक सिर्जना हुन् । एकले अर्काको सम्मानपूर्ण व्यवहारको अपेक्षा गर्नु प्राकृतिक सिर्जनाको सम्मान हो । एकले अर्कालाई हेला वा बढप्पनका आँखाले हेर्नु प्रकृतिको नियमप्रति गरिएको अन्याय नै हुन्छ । राज्यले संरक्षणको नियम बनाउने तर अपराधीलाई नै संरक्षण गरेमा पुरुष वा नारी जोसुकैले कसको मुखमा न्याय प्राप्तिका आशाले हेर्ने ? स्वास्नीमान्छे शीर्षकको कवितामा– 'राज्यले नै.. किन चाहियो र नारीलाई ?'

मन्दिरमा गएर ईश्वरसँग मारदैमा पाइने भए मानिसले किन काम गर्नुपर्थ्यो र ? काम गरोस् भनेर नै मानिसको सृष्टि अरू प्राणीको जस्तो तेर्छो नभएर ठाडो बनेको छ । काम गरोस् भनेर नै मानिसलाई हात दिएर सबै खालका शारीरिक क्षमतामा कमजोर तर बौद्धिक क्षमतामा प्रखर बनाएको छ । बोट रोप्ने काम मानिसको तर त्यसमा कति फल लगाउने वा कति पनि नलगाउने काम जुन प्रकृतिको हो, ईश्वर त्यसकै एउटा रूप हो । ईश्वरले गर्ने काम मान्छेले गर्न सक्तैन र मान्छेले गर्ने काम ईश्वरले गरिर्दिँदैन । घण्ट शीर्षकको कवितामा 'नाम र ठेगाना कुँधेर..एउटा अजङ्गको सुन्दर घण्ट ।'

वस्तुको सम्पन्नता र विपन्नता कुरो गर्ने आधारमात्र हो । मानसिक उत्साह वा मानसिक दरिद्रताले मानिसको कार्य सफल वा विफल गर्नमा गहन भूमिका खेलेको हुन्छ । मनसँग बुद्धि र भावना साथ साथै हुन्छन् । विपन्न परिवारमा जन्मिएर हुर्किएर पनि विश्वलाई घनीभूत रूपमा गुन लगाएका कैयौँ भेटिन्छन् भने मनका दरिद्र भएपछि भौतिक वस्तुको सम्पन्न सम्पन्न हुँदा हुँदै पनि दरिद्र देखिन्छन् र दरिद्रताकै दलदलमा भासिएर कैयौँ मर्छन् । लुब्धताको पराकाष्ठा शीर्षकको कवितामा 'लुब्ध चिन्तनलाई पराजित...लेप लगाउँदै भनें'

खैनीसुर्ती खान्छौ ? खान्नँ । रक्सीदारु पिउँछौ ? पिउँदिन । तासजुवा खेल्छौ ? खेल्दिनँ । भ्रष्टाचार पो गर्छौ कि ? गर्दिनँ । आहा मान्छे त असल रहेछौ, मन पऱ्यो केही त दुर्गुण होला नि ? एउटै छ । के हो त त्यो ? मलाई साँचो बोल्न मन लाग्दैन । बिहा गर्न कन्यार्थ भएर आएका केटासँग हुनेवाला ससुराको यस्तो संवाद भएको थियो अरे । ढाँट्ने, झुटो बोल्ने संस्कृति हो कि विकृति हो ? मानिसले मानिससँग झुटो बोल्दा कसले कति सुख वा दुःख पाउँछ, परिआएका बेलामा त्यो विचारणीय हुन्छ । अप्रिल फुल शीर्षक भएको कविता 'चन्द्रमामा दाग देख्ने... सबै 'अप्रिल फुल' हुन् ।'

राष्ट्रकवि माधव घिमिरेको अवसानलाई फूलको थुँगा बगाई लग्यो भन्ने शीर्षकको कवितामा बिम्बात्मक रूपमा राखिएको छ । कविवरको अवसान मुलुकका लागि अपूरणीय क्षति हो । प्रकृतिको अकाट्य नियमका सामु मानिसले गरेका प्रयास असफल हुँदा रहेछन् भन्ने यो अर्को पनि एउटा उदाहरण हो । यस कवितामा 'उनी सकारात्मक सोचका सम्राट् थिए..लालित्य थपेर स्थिति सुरम्य बनाए ।'

स्मरण र विस्मरण रहरको नहुने रहेछ । ज्यादा हर्ष वा अति नै विस्मात्को विषयको प्रभाव पनि समयले विस्तारै धमिलो बनाउँदै लैजान्छ । घटना नबिर्सिए पनि तत्कालीन मानसिक उद्वेग उस्तै रहँदैन । याद शीर्षकको कवितामा यी कुराहरू अगाडि बढाउँदै ' मदहोसमा रमाएथ्यौँ... भाषाविना लेख्यौँ हामीले ।'

खानु र लाउनुलाई मात्रै मान्छेले जीवन मान्दैन । समाजमा कोही देखाउने धोको बोकेर बाँचेका हुन्छन् भने कोही काम गरेर सन्तोष मान्ने स्वभावका हुन्छन् । समयले जुराएका अवस्थामा चाडबाड मनाउँदा पनि मौकाको उपयोग गर्दै देखाउनुपर्ने ठाउँमा आफ्नो सम्पन्नता देखाउन मानिस पछि पर्दैन । दशैं, तिहार, तीज, होली जस्ता चाडपर्वहरूमा संस्कृति र सांस्कृतिक पक्ष छ । यिनमा र बिहा, व्रतबन्ध, पास्नी जस्ता कार्यहरूमा संस्कारगत कर्म हुन्छन् । यिनलाई पालन गर्दै र मनाउँदै आफू सम्पन्न वा विपन्न भएको समेत देखाउने चलन भित्रिएको छ । यसबाट सम्पन्नले विपन्नलाई खिसी गरेको पनि बुझ्न सकिन्छ र मानिसले उन्नति गरेर सम्पन्न बन्न प्रेरित गरेको पनि मान्न सकिन्छ, विचार आफ्नो हो । तीज शीर्षकको कवितामा 'हाम्रो यो लोकप्रिय... रूढीवादको नङ्ग्राले चिथोरिरहेछ ।'

> सत्ताको राजनीति गर्नेहरू सत्ता खोस्न र खोसेको सत्ता जोगाउन उहिलेदेखि नै तल्लीन छन् । कर्मचारी नभए राज्यको काम चल्दैन, काममा इमानदार कर्मचारी नभए अझ देशमा कष्ट नै थपिन्छ । राष्ट्रसेवक भनेर कर्मचारीलाई बुझ्नुपर्ने हुन्छ ।

नेपालीका सन्तान आसाम, भुटान, सिक्किम, बर्मा, मलाया, ब्रिटेन गर्दै विदेशतिर लागेको इतिहास पुरानो छ । हुन त कैयौँ भूभाग नै काटिएर बसाइँ नसरीकन नेपालीबाट इण्डियन पनि भएका छन् । कैयौँपटक कमाई खान, कैयौँपटक गाथगादीको अभियोग हुँदै आजभोलि वैदेशिक रोजगारीमा जानेको लर्को उस्तै छ । कुनै बेला बर्माबाट, कहिले आसामबाट, कहिले भुटानबाट नेपाली नलखेटिएका पनि होइनन् । यसलाई हेर्दा कहिले आफ्नै देशबाट र कहिले अर्काका देशबाट लखेटिनकै लागि जन्मेका रहेछन् कि जस्तो पनि लाग्छ ।

सत्ताको राजनीति गर्नेहरू सत्ता खोस्न र खोसेको सत्ता जोगाउन उहिलेदेखि नै तल्लीन छन् । कर्मचारी नभए राज्यको काम चल्दैन, काममा इमानदार कर्मचारी नभए अझ देशमा कष्ट नै थपिन्छ । राष्ट्रसेवक भनेर कर्मचारीलाई बुझ्नुपर्ने हुन्छ । जनताको काममा नेताहरू उदासीन भएपछि अधिकांश कर्मचारीको काम गराइ पनि उस्तै छ र स्वाभाविक हो । केही कर्मचारी उस्तै भ्रष्ट नभएर सज्जन पनि छन् । अधिकांशको अवस्था हेर्दा सेवाग्राही जनतामा पुगेको बाधा विचार गर्दै लेखिएको सबै जय होस् राष्ट्रसेवकहरूको शीर्षकको कवितामा 'हो ऊ कामविशेषले..सक्कली नागरिकता बनायो ।'

सत्यं शिवं सुन्दरम्को भाव बोकेर सुन्दर पक्षलाई स्वीकार गर्ने आँखा र मन मानिसको नै हुन्छ । अरू प्राणी पेट भरेर बस्न पाए घरमा बस्नु वा वनमा बस्नुको अर्थसमेत खोज्दैन । उसलाई सत्य, शिव वा सुन्दरको अर्थ चाहिँदैन । सुन्दरताको खोजी गर्ने तर असुन्दर कर्म गर्ने मान्छे नै हो । अहिंसा स्थापनाका लागि कुटामारीको सहारा लिने मानिस नै हो । शान्ति स्थापनाका लागि बन्दुक बोकेर हिँड्ने मानिस नै हो । सत्यकै पक्षमा, शिवकै साथमा सुन्दरताको उभिएको मानिसलाई कविताले सुन्दर जिन्दगी कविता 'असहायका शरीरसँग अनुवाद..बिमिरा निस्किने छन्' भन्दै अन्त भएको छ ।

आजका मान्छेले यी सबै कुराहरू आफूभित्र समेटेर सृष्टि सुन्दर हो कि दृष्टि सुन्दर हो भनी केलाउने प्रयास गरेर सुन्दर जिन्दगीको अन्वेषण गर्दै छ । यसैसँग यस सङ्ग्रहका एकाउन्नवटा कविताको पुस्तक पनि पूरा भएको छ । आवरणको अन्तिम पृष्ठमा कविको फोटो र प्रा.जगत् उपाध्याय 'प्रेक्षित' को कथनका दुई अनुच्छेद, प्रकाशक संस्थाको लोगो, मूल्य र आइएसबिएन नम्बर राखेर पुस्तक पूरा भएको छ । पाठकले यस पुस्तकमा तिरेको मूल्य कविताहरू पढिसकेपछि उचित स्थानमा लगानी भएको अनुभव गर्न सक्नुहुनेछ । किनभने कविताहरू अर्थपूर्ण छन्, प्रेरणादायी छन् । कविबाट अ पनि यस्तै गहन विचारका पुस्तकहरूको अपेक्षा गरिएको छ ।

मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम : २७ सय विद्यालयका ४१ हजार विद्यार्थी लाभान्वित

चन्द्रकान्त खनाल/हिटा

बुटवल, ४ भदौ

लुम्बिनी प्रदेश सरकार परिवर्तनसँगै मुख्यमन्त्री कुलप्रसाद केसीले शिक्षालाई पहिलो प्राथमिकता दिएर मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम सुरु गर्नुभयो । मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमबाट शिक्षालाई सुधार गर्न सकिन्छ भन्ने उद्देश्यले सुरु गरिएको कार्यक्रमले दुई हजार ७७९ विद्यालयका ४१ हजार विद्यार्थी लाभान्वित भएका छन् । मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम नमुनायोग्य भएकाले यसलाई अझै निरन्तर सञ्चालन गर्नुपर्ने सरोकारवालाले बताएका छन् ।

मुख्यमन्त्रीको आफ्नो गौरवको आयोजनाको रूपमा लिइएको शैक्षिक सुधार कार्यक्रम मुख्यमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार अमरबहादुर डाँगीले मुख्यमन्त्रीको सपना भनेको शिक्षा क्षेत्रबाट आमूल परिवर्तनको सम्भव भएको बताउँदै त्यसका लागि मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमको मुख्यमन्त्रीले सपना अगाडि बढाएको बताउनुभयो । उहाँले प्रदेशको शैक्षिक स्तरलाई माथि उठाउनको लागि कार्यक्रमको महत्त्वपूर्ण योगदान गरेको बताउँदै त्यसलाई आगामी दिनमा अझै निरन्तरत रूपमा अगाडि बढाउनुपर्ने बताउनुभयो । उहाँले शिक्षालाई नयाँ उचाइमा उठाउनका लागि प्रदेश सरकारले कार्यक्रम अगाडि सारेको बताउँदै त्यसलाई कार्यान्वयनको अवस्थामा अगाडि बढाउँदा आउने चुनौतीहरूसँग सामना गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो । राष्ट्रको विकासका लागि शैक्षिक क्षेत्रको विकास नै पहिलो आधार भएकाले आफ्नो कार्यकालमा मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम लागू गरिएको मुख्यमन्त्री कुलप्रसाद केसीले बताउनुभयो । उहाँले मानिस र समाज सुधार गर्नु छ भने शैक्षिक क्षेत्रको विकास र सुधार गर्न आवश्यक छ, त्यसैले हामी बालबालिकाको भविष्यलाई सुन्दर बनाउनको लागि यो कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो । उहाँले यो कार्यक्रमलाई निरन्तरता दिनेसमेत बताउनुभयो । शैक्षिक सुधार कार्यक्रमका निर्देशक ग्रिस पुनमगरले प्रदेशका जीर्ण, अभावमा रहेका विद्यालयहरूको विकासका लागि यस कार्यक्रमको पहिलो उद्देश्य रहेको बताउनुभयो ।

शैक्षिक सुधार कार्यक्रमका निर्देशक पुनले विद्यार्थीमैत्री विद्यालय निर्माण गर्ने, विद्यालयको रंग रोगन, विद्यालयमा बगैँचा, खानेपानी, फिल्ड निर्माण, कक्षा कोठा निर्माण, शैक्षिक सामाग्री वितरण, पोशाक तथा अन्य सामग्री प्रदान गरिएको बताउनुभयो । यो कार्यक्रममा गाउँपालिकामा ६० लाख, नगरपालिकामा ७० लाख र उपमहानगर पालिकामामा ८० लाख विनियोजित गरिएको छ ।

आन्तरिक स्रोत न्यून भएका, विद्यार्थी संख्या कम भए पनि गाभिन नसक्ने, राज्यको कम प्राथमिकता परेको विद्यालयहरूलाई प्राथमिकतामा पारी विद्यार्थी छनोट गरिएको थियो । लुम्बिनी प्रदेशका १०९ स्थानीय तहलाई ६९ करोड ४० लाख बजेट विनियोजन भएकोमा ६४ करोड २० लाख ३८ हजार खर्च भएको छ । प्रदेशका १२ जिल्लामध्ये रुकुम जिल्लामा ९९ प्रतिशत खर्च भएको छ ।

मुख्यमन्त्री कार्यक्रम रोल्पा जिल्लामा २३३ वटा विद्यालयमा लागू भएको छ भने अन्य प्युठान जिल्लामा २५७, रुकुम पूर्वमा ५७ वटा, नवलपरासी जिल्लामा १८१ वटा, पाल्पा जिल्लामा ५०३ वटा, गुल्मी २६४ वटा, रुपन्देहीमा २८८ वटा, कपिलवस्तुमा २६५ वटा विद्यालयमा संरचना निर्माण भएका छन् । कार्यक्रमबाट माध्यमिक विद्यालय ७६३ वटा, आधारभूत एक हजार ७६६, धार्मिक ५५, बालविकास १९५ गरी जम्मा दुई हजार ७७९ वटा विद्यालयहरूमा यो कार्यक्रमबाट सेवा दिइएको छ । मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमबाट छात्रा ४१ हजार ५४२ जम्मा लाभाविन्त भएका छन् ।

Saudi Arabia मा रोजगारको अवसर

Saudi Arabia को Saudi Arabia Jeddah स्थित **Namariq Arabian Services Company** बाट नेपाली कामदारहरुको माग भई आएकोले इच्छुक व्यक्तिहरुले आफ्नो सक्कल राहदानीसहित सम्पर्क राख्नुहोला ।

पूर्व स्वीकृती मितिः २०७८/१०/२५ LT. No.: 257664 चलानी नं.:६०१७४१८६

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
		पुरुष	महिला		SR	नेरू							
1	Restaurant Worker	1	0	सम्बन्धित कामका क्षेत्र	1000	३३,९७८	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष

स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सेवा शुल्क
कामदार आफैंले	दिने	कामदार आफैं	हुने/रोजगारदाता कम्पनीले	निःशुल्क	निःशुल्क	निःशुल्क

अन्तर्वार्ताः २०७९ भाद्र १२ (28 August 2022) **गते मेनपावरको कार्यालय काठमाण्डौमा हुनेछ**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुद्धनगर नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

कुल लागत खर्चः निःशुल्क

SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4441707 (6 Line), www.shikharmanpower.com.np

अन्य ईजाजत नं. २६१/०७८/०७९

Phikkal Rural Municipality
Office of Rural Municipal Executive
Khangsang, Sindhuli

Invitation for Bids

Date of First Publication: 2079/05/05 (21 August 2022)

1. Phikkal Rural Municipality, Khangsang, Sindhuli invites electronic bids from eligible bidders for the construction of contracts mentioned below.
2. Following single stage two envelope invited bids should have qualification as mentioned below:

S. N.	Contract ID No.	Name of Project	Bid Security (NRs.)	AACT of the best 3 years NRs	Work experience of similar size (NRs)	Bid document Fee NRs.
1	FRM/Sindhuli/Works/ NCB/01/079-080	Upgrading Works of Bhadaure-Dhodeni-Mahadevdanda-Ward Office-Damar Road	6,00,000.00	2,98,00,000.00	1,60,00,000.00	5,000.00
2	FRM/Sindhuli/Works/ NCB/02/079-080	Upgrading Works of Nigurekhola -Dhamini-Lumti-Pauti Road	6,00,000.00	2,98,00,000.00	1,60,00,000.00	5,000.00
3	FRM/Sindhuli/Works/ NCB/03/079-080	Upgrading Works of Tinkhande-Saluke-View Tower Tourist Road	6,00,000.00	2,98,00,000.00	1,60,00,000.00	5,000.00

3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as mentioned in Rajaswa (Revenue) in Prime Commercial Bank, Phikkal Branch on the name of Phikkal Rural Municipality, Khangsang, Sindhuli, **Account No. 07800280CA with Office Code No. 801032506 and Revenue Heading No. 14229.**
4. Bids must be valid for 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting as mentioned above, which shall be valid for **30 days** beyond the bid validity.
5. Pre bid meeting shall be held on 2079/05/26 (11 Sep, 2022) at 13:00 hrs at Phikkal Rural Municipality, Khangsang, Sindhuli.
6. Last date of bid submission is 2079/06/05 (21 Sep, 2022) at 12:00 hrs and bid opening shall take place in Phikkal Rural Municipality office on 2079/06/05 (21 Sep, 2022) at 13:00 hrs.

Chief Administrative officer

Invitation for Bids

Birendra Namuna Campus
Bhadrapur-10, Jhapa
Invitation for Bids No: NCB/BNC/2079-2080/01
Date of publication: **2079/05/05 (2022, August 21)**

1. **Birendra Namuna Campus** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of **Educational Block at Birendra Namuna Campus** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. **1,00,22,247.11.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of as below:
   Name: Birendra Namuna Campus
   Location: Bhadrapur-10, Jhapa
   Telephone and facsimile number: 023-456339
   Email address: bncnepal586@gmail.com
3. A complete set of Bidding Documents may be purchased from the office only at address **as given above** and the cost of bidding document shall be deposited at the details of account given below by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate with latest renewal , Tax clearances certificate for the F/Y 2078/79 or Tax return submission evidence or evidence of tax time extension and upon payment of a non-refundable fee of **Nrs.3000.00 till 2079/06/04 (2022, September 20)** during office hours.
   Name of the Bank: Nabil Bank, Chandragadi, Jhapa
   Name of Office: **Birendra Namuna Campus (Campus Administrative Fund)**
   Office Code no. : 586
   Office Account no.: 4501017500037
4. Sealed bids must be submitted to the office as above given address by hand before **12:00 PM** on **2079/06/05 (2022, September 21)**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 PM on 2079/06/05 (2022, September 21)** at the office **as above given address.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security, amounting to a minimum of **Nrs.2,51,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.